सम्वत् २०७९ सालको कार्यविधि नं . ४

# भगवतीमाई गाउँपालिका कृषि तथा पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मितिः २०७९/०८/२८
प्रमाणिकरण मितिः २०७९/०८/२८

भगवातिमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश

# भगवतीमाई गाउँपालिका

# कृषि तथा पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

कृषि व्यवसाय भगवतीमाई गाउँपालिकाको आर्थिक विकास क्रियाकलापको महत्वपुर्ण अङ्गको रुपमा रहेको छ । भगवतीमाई गाउँपालिकामा कृषि व्यवसायलाई थप व्यवसायिक, प्रतिस्पर्धी र उत्पादन लागत घटाउन यान्त्रिकीकरण र प्रविधिमैत्री एवं परिवर्तित वातावरणमैत्री बनाउँदै लैजान जरुरी छ । भगवतीमाई गाउँपालिकाबाट सञ्चालन गरिने कृषि तथा पशुपंक्षी विकास कार्यक्रमहरुलाई प्रभावकारी, पारदर्शी, जवाफदेही, उत्तरदायी एवं गुणस्तरयुक्त रुपमा कार्यान्वयन गर्न भगवतीमाई गाउँपालिका कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को दफा ३६ को व्यवस्था अनुरुप भगवतीमाई गाउँपालिकाको कृषि तथा पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयन विधि, २०७९ जारी गरेको छ ।

## परिच्छेदः १

## संक्षिप्त नाम र प्रारम्भ

**१ यस कार्यविधिको नामः** यस कार्यविधिको नाम **"भगवतीमाई गाउँपालिका कृषि तथा पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९"** रहेको छ ।

**२ लागु हुने क्षेत्र र मितिः** यो कार्यविधि भगवतीमाई गाउँपालिकाको क्षेत्रभित्र लागु हुनेछ ।यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**३ परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

क. "कार्यपालिका" भन्नाले भगवतीमाई गाउँपालिकाको गाउँ कार्यपालिकालाई बुझाउने छ ।

ख. "अध्यक्ष" भन्नाले भगवतीमाई गाउँपालिकाको अध्यक्षलाई बुझाउने छ ।

ग. "उपाध्यक्ष" भन्नाले भगवतीमाई गाउँपालिकाको उपाध्यक्षलाई बुझाउने छ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भगवतीमाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउने छ ।

ङ. "शाखा प्रमुख" भन्नाले भगवतीमाई गाउँपालिकाको आर्थिक विकास शाखा प्रमुखलाई जनाउने छ ।

च. "आर्थिक विकास समिति" भगवतीमाई गाउँपालिकाको आर्थिक विकास समितिलाई जनाउने छ ।

छ. "सेवा केन्द्र" भन्नाले भगवतीमाई गाउँपालिका अन्तर्ग सञ्चालित कृषि सेवा केन्द्र र पशुपंक्षी सेवा केन्द्रलाई जनाउने छ ।

ज. "केन्द्र प्रमुख" भन्नाले कृषि सेवा केन्द्र वा पशुपंक्षी सेवा केन्द्र प्रमुखलाई जनाउने छ ।

## परिच्छेद २

## उदेश्य

**४. उदेश्यहरुः** (१) यो कार्यविधि कार्यान्वयन गर्नुका उदेश्यहरु देहाय बमोजिम रहेका छन् ।

क. भगवतीमाई गाउँपालिकाबाट सञ्चालन हुने कृषि तथा पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयन प्रक्रियालाई सरल सहज प्रभावकारी पारदर्शी एंव गुणस्तरयुक्त बनाउने ।

ख. कृषि व्यवसायलाई दिगो मर्यादित प्रतिस्पर्धी एवं उत्पादनमूलक र व्यवासायिक बनाउने ।

ग. अनुदान वितरण प्रक्रियालाई सरल निष्पक्ष र पारदर्शी बनाउने ।

घ. सेवा प्रवाहको प्रक्रियालाई छिटो छरितो सहज सरल निष्पक्ष बनाउने ।

ङ. अर्गानिक गाउँपालिका स्थापनाको लागि जोड दिने ।

च. लाभग्राहीहरुको छनौट प्रकृयालाई स्पष्ट र पारदर्शी बनाउने ।

## परिच्छेद ३

## कार्य सञ्चालन प्रकृया

**५. निवेदन/प्रस्ताव माग गर्नेः** (१) कृषि सेवा केन्द्र/पशु सेवा केन्द्रले दफा ७ बमोजिम सञ्चालन हुने कार्यक्रम कार्यान्वयन गर्न कृषक समूह/कृषि सहकारी/कृषि फर्म/अन्य निकाय छनौटको लागि प्रस्तावको ढाँचा तयार गरि कम्तिमा ७ दिनको सार्वजनिक सूचना आह्वान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँ कार्यपालिकाको सूचना पाटी/वेवसाईट, वडा कार्यालयको सूचना पाटी र अन्य सामाजिक सञ्जालमा समेत प्रकाशित गर्नुपर्नेछ ।

**६. निवेदन/प्रस्ताव पेश गर्नेः** (१) दफा ६ को उपदफा (१) बमोजिम प्रकाशित सूचना बमोजिम प्रस्ताव/निवेदकले तपसिल बमोजिमका कार्यक्रममा समावेश हुन निवेदन/प्रस्तावको साथ निम्न कागजात संलग्न गरी पेश गर्नुपर्नेछ ।

**क. बाली संरक्षण सेवा कार्यक्रमः**

१. समूह/उत्पादन सहकारी/फर्म/संघ/संस्थाको माग निवेदन र निर्णय

२. समूह/उत्पादन सहकारी/फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. सहकारीको हकमा अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन ।

४. सम्बन्धित व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्र ।

५. फर्मको हकमा अघिल्लो आर्थिक वर्षको करचुक्ताको प्रमाणपत्र ।

६. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**ख. कृषि उपज उत्पादनमा आधारित अनुदान**

१. समूह/उत्पादन सहकारी/फर्म/संघ/संस्थाको माग निवेदन र निर्णय

२. समूह/उत्पादन सहकारी/फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. सहकारीको हकमा अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन ।

४. सम्बन्धित व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्र ।

५. फर्मको हकमा अघिल्लो आर्थिक वर्षको करचुक्ताको प्रमाणपत्र ।

६. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**ग. एक बगैंचा अनेक स्वामित्व कार्यक्रम**

१. समूह/उत्पादन सहकारी/फर्म/संघ/संस्थाको माग निवेदन र निर्णय

२. समूह/उत्पादन सहकारी/फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. सहकारीको हकमा अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन ।

४. सम्बन्धित व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्र ।

५. फर्मको हकमा अघिल्लो आर्थिक वर्षको करचुक्ताको प्रमाणपत्र ।

६. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**घ. जलवायु अनुकूलन कार्यक्रम**

१. समूह/उत्पादन सहकारी/फर्म/संघ/संस्थाको माग निवेदन र निर्णय

२. समूह/उत्पादन सहकारी/फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. सहकारीको हकमा अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन ।

४. सम्बन्धित व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्र ।

५. फर्मको हकमा अघिल्लो आर्थिक वर्षको करचुक्ताको प्रमाणपत्र ।

६. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**ङ. कृषक देखि कृषक कार्यक्रम**

१. समूह/उत्पादन सहकारी/फर्म/संघ/संस्थाको माग निवेदन र निर्णय

२. समूह/उत्पादन सहकारी/फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. सहकारीको हकमा अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन ।

४. सम्बन्धित व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्र ।

५. फर्मको हकमा अघिल्लो आर्थिक वर्षको करचुक्ताको प्रमाणपत्र ।

६. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**च. कृषि तथा पशुपंक्षी फर्म/बंगुरपालन फर्म/मत्स्यपालन फर्म निर्माण कार्यक्रमः**

१. फर्मको माग निवेदन/प्रस्ताव

२. फर्म/व्यवसाय दर्ता गरेको प्रमाण पत्र ।

३. नेपाली नागरिकताको प्रमाणपत्र ।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

५. फर्मको करचुक्ताको प्रमाणपत्र ।

**छ. घाँस खेती कार्यक्रमः**

१. समूह/उत्पादन सहकारी/फर्म/संघ/संस्थाको माग निवेदन र निर्णय

२. समूह/उत्पादन सहकारी/फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. सहकारीको हकमा अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन ।

४. सम्बन्धित व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्र ।

५. फर्मको हकमा अघिल्लो आर्थिक वर्षको करचुक्ताको प्रमाणपत्र ।

६. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**ज. स्थानीय कुखुरा प्रवर्द्धन कार्यक्रमः**

१. समूह/उत्पादन सहकारी/फर्म/संघ/संस्थाको माग निवेदन र निर्णय

२. समूह/उत्पादन सहकारी/फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. सहकारीको हकमा अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन ।

४. सम्बन्धित व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्र ।

५. फर्मको हकमा अघिल्लो आर्थिक वर्षको करचुक्ताको प्रमाणपत्र ।

६. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**७. अनुदान कार्यक्रम कार्यान्वयन प्रक्रियाः** (१) कृषि/पशुपंक्षी कार्यक्रम अन्तर्गत अनुदान वितरणको कार्यक्रम कार्यान्वयन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क. अनुदान नगद/वस्तुगत का विषय उल्लेख गरी कृषि सेवा केन्द्र/पशु सेवा केन्द्रले गाउँपालिकाको वेवसाईट स्थानीय संचार माध्यम/सामाजिक सञ्जाल मार्फत सूचना प्रकाशन गर्नेछ र उक्त सूचना गाउँपालिकाको सूचना पाटी र वडा कार्यालयहरुको सूचना पाटीमा टाँस गरिनेछ ।

ख. प्रकाशित सूचना अनुसार कृषक/व्यवसायी/कृषक समूह/कृषि सहकारी/कृषि फर्मले तोकिए बमोजिमका कागजाहरु एंव आफ्नो व्यवसायको विस्तृत विवरण सहितको निवेदन/प्रस्तावना कृषि सेवा केन्द्र/पशु सेवा केन्द्र पेश गर्नु पर्नेछ ।

ग. आर्थिक विकास शाखा र कृषि/पशु सेवा केन्द्रको समन्वयमा कार्य स्थलमै गएर फिल्ड भेरिफिकेशन गर्नेछ ।

घ. संलग्न प्रस्तावना/निवेदन आवश्यक कागजात र फिल्ड भेरिफिकेशनबाट प्राप्त विवरणको आधारमा आर्थिक विकास समितिले मूल्यांकन प्रतिवेदन तयार गर्नेछ ।

ङ. मूल्यांकन समितिबाट प्राप्त भएको प्रतिवेदन कृषि/पशु सेवा केन्द्र प्रमुख मार्फत कृषि विकास समितिमा पेश गरिनेछ । आर्थिक विकास समितिले लाभग्राही छनोट र कार्यक्रम संचालनका लागि आवश्यक निर्णय लिनेछ । साथै समितिले कार्यक्रम संचालनका क्रममा वाधा व्यवधान परेमा आवश्यक निर्णय गरि कार्यक्रम संचालन गर्न सहयोग गर्नेछ ।

च. आर्थिक विकास समितिको निर्णय पश्चात छनौट भएका लाभग्राहीको नतिजा गाउँपालिकाको वेवसाइटमा राखिनेछ र कृषि/पशु सेवा केन्द्र मार्फत लाभग्राहीलाई जानकारी गरिने छ ।

छ. अनुदानका लागि छनौट भएका कृषक/व्यवसायी/संघ/संस्था/कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्मले कार्य सञ्चालनको लागि सम्झौता गरिनेछ र उक्त सम्झौता बमोजिम कार्य सम्पन्न गरेपछि वडा कार्यालय सिफारिस र आवश्यकता अनुसार अनुगमन समिति र आर्थिक विकास शाखा र कृषि/पशु सेवा केन्द्रले संयुक्त अनुगमन गरि कृषि/पशु सेवा केन्द्रको सिफारिसका आधारमा गाउँपालिकाले भुक्तानी दिनेछ ।

ज. विउ विजन सम्बन्धी कार्यक्रम संचालनका लागि आर्थिक विकास समितिले उन्नत/श्रोत/हाइब्रिड विउको अधिकतम दररेट तोक्न सक्नेछ ।

झ. पशुपंक्षी/कृषि वस्तु खरिद गर्नु परेमा उक्त पशुपंक्षी/कृषि वस्तुको अधिकतम दररेट आर्थिक विकास समितिले तोक्न सक्नेछ ।

ञ. कार्यक्रमबाट उपलब्ध हुने अधिकतम अनुदान र अनुदान प्रतिशत अनुसूची-३ बमोजिम हुनेछ । अधिकतम अनुदान र अनुदान प्रतिशत नतोकिएको कार्यक्रमको हकमा आर्थिक विकास समितिले आवश्यक निर्णय लिनेछ ।

ट. आर्थिक विकास समितिको निर्णयमा गुनासो परेमा थप निर्णय गाउँ कार्यपालिकाले गर्नेछ ।

## परिच्छेदः ४

## आर्थिक प्रशासन

**८. लेखाङ्कन र लेखा परीक्षणः** कार्यक्रमको लेखाङ्कन कारोवार लेखा परीक्षण गर्दा आर्थिक कार्यविधि ऐन, २०७८, सार्वजनिक खरिद ऐन, २०६३ तथा भगवतीमाई गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०७८ बमोजिम गरिने छ ।

## परिच्छेदः ५

## थपघट वा हेरफेर गर्न सक्ने

**९. बचाउ र खारेजीः** यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाको आवश्यकता अनुसार यस कार्यविधिमा थपघट हेरफेर तथा खारेज गर्न सक्नेछ ।

**१०. बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

## अनुसूची-१

## मूल्यांकनका आधारहरु

### क. कृषि कार्यक्रमको लागि

| क.सं. | निवेदक | वडा | मूल्यांकनका आधारहरु | | | | | | | | | | जम्मा (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रस्तावको आवश्यक कागजात प्रक्रिया पुगेको (५) | बजारीकरणमा सहज (१०) | वातावरणीय अनुकूल (१५) | कृषकको सक्रिय सहभागिता (१५) | संस्थागत लगानी गर्ने क्षमता १० | पशुपंक्षी तथा माछाको संख्या १० | आवेदकको कार्य अनुभव ५ | सामाजिक एंव लैङ्गिक सहभागिता ५ | जमिमनको क्षेत्रफल १० | रोजगारी सिर्जना संख्या १५ | | |
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | |

### ख. पशुपंक्षी कार्यक्रमको लागि

| क.सं | निवेद | व | मूल्यांकनका आधारहरु | | | | | | | | | | जम्मा | कैफिय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| . | क | डा | प्रस्तावको आवश्यक कागजात प्रक्रिया पुगेको (५) | बजारीकरणमा सहज (१०) | वातावरणीय अनुकूल (१५) | कृषकको सक्रिय सहभागिता (१५) | संस्थागत लगानी गर्ने क्षमता १० | पशुपंक्षी तथा माछाको संख्या १० | आवेदकको कार्य अनुभव ५ | सामाजिक एंव लैङ्गिक सहभागिता ५ | जमिमनको क्षेत्रफल १० | रोजगारी सिर्जना संख्या १५ | (१००) | त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | |

## अनुसूची-३

## अनुदान वितरण विवरण

**रकम रु. हजारमा**

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरु | एकाई | परिमाण | बजेट | अनुदान रकम | अनुदान प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | समूह/ सहकारी | फर्म | |
| **क.** | **बाली संरक्षण सेवा कार्यक्रम** | | | २०० | | | | |
| १ | बाली संरक्षण सम्बन्धि तालिम | वटा | ७ | १०५ | १०५ | १०० | १०० | |
| २ | बाली संरक्षण सम्बन्धि सामाग्री बितरण | लमसम | १ | ९५ | ९५ | १०० | १०० | |
| **ख.** | **कृषि उपज उत्पादनमा आधारित अनुदान** | | | ४०० | | | | |
| १ | फलफूल ढुवानीमा अनुदान | क्वीन्टल | ५० | १०० | १०० | १०० | १०० | |
| २ | तरकारी ढुवानीमा अनुदान | क्वीन्टल | १५० | १०० | १०० | १०० | १०० | |
| ३ | खाद्यान्न ढुवानीमा अनुदान | क्वीन्टल | ५० | १०० | १०० | १०० | १०० | |
| ४ | पशु ढुवानीमा अनुदान | क्वीन्टल | १०० | १०० | १०० | १०० | १०० | |
| **ग.** | **एक बगैचा अनेक स्वामित्व कार्यक्रम** | | | ४०० | | | | |
| १ | तरकारि तथा फलफुल बगैचा स्थापना | वटा | १ | ४०० | ४०० | ७० | ५० | |
| **घ.** | **जलवायु अनुकूलन कार्यक्रम** | | | १५० | | | | |
| १ | श्री ज्वाला मा.वि. बेस्तडाका कृषि बाली विज्ञान विद्यार्थीहरुलाई प्रयोगात्मक कार्यक्रमको लागि प्लाष्टिक घर निर्माण | वटा | १ | १५० | १५० | १०० | ० | |
| **ङ.** | **कृषक देखि कृषक कार्यक्रम** | | | ३५० | | | | |
| १ | कृषक अध्यन तथा अवलोकन भ्रमण | जना | १४ | ३५० | ० | १०० | ० | |
| **च.** | **कृषि तथा पशुपंक्षी फर्म निर्माण** | | | ८०० | | | | |
| १ | बाख्रा फर्म निर्माण कार्यक्रम | | | ८०० | ८०० | | | |
| २.१ | नमुना खोर निर्माण | वटा | २ | ५०० | ५०० | | ५० | |
| २.२ | बाख्रा खरिद तथा ढुवानी | वटा | | ३०० | ३०० | | ५० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **छ** | **बंगुरपालन फर्म निर्माण** | | | **३००** | | | | |
| १ | बंगुर खोर निर्माण | वटा | १ | २०० | २०० | | ५० | |
| २ | बंगुर बच्चा खरिद तथा ढुवानी | वटा | २० | १०० | १०० | | ५० | |
| **ज** | **मत्स्यपालन फर्म निर्माण** | | | **३००** | | | | |
| १ | माछा पोखरी निर्माण | वटा | १ | २०० | २०० | | ५० | |
| २ | माछा भुर्रा तथा आहारा खरिद तथा ढुवानी | लमसम | १ | १०० | १०० | | ५० | |
| **झ.** | **घाँस खेती कार्यक्रम** | | | **१००** | | | | |
| १ | घाँसको बिरुवा खरिद तथा ढुवानी- पकेट क्षेत्रका कृषक तथा फर्मलाई वितरण गर्ने । | लमसम | १ | १०० | १०० | १०० | | |
| **ञ.** | **स्थानीय कुखुरा प्रवर्द्धन कार्यक्रमः** | | | **२५०** | | | | |
| १ | कुखुरा खोर निर्मार तथा घेरबार | | २ | २५० | | ५० | | |
| **ट.** | **पशु स्वास्थ्य शिविर कार्यक्रम** | **वटा** | **१** | **१००** | **१००** | **१००** | | |
| **ठ.** | **बाख्रा श्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन** | | | **१०००** | | | | |
| १ | प्राविधिक/बाख्रा हेरालु खर्च | | | | | | | |
| २ | पशु आहारा व्यवस्थापन | | | | | | | |
| ३ | खोर सुधार तथा व्यवस्थापन | | | | | | | |
| **ड.** | **पशुपंक्षी कार्यक्रम अनुगमन तथा मूल्याङ्कन खर्च** | **वटा** | **७** | **१००** | **१००** | | | |
| **ढ.** | **पशु सेवा औषधी खरिद** | **लमसम** | **१** | **४००** | **४००** | | | |
| **ण.** | **कृषि कार्यक्रम अनुगमन तथा मूल्यांकन खर्च** | **वटा** | **७** | **१००** | **१००** | | | |

नोटः कालो सूचीमा परेका फर्म/कृषक समूह/कृषि सहकारी/संघ/संस्थालाई अनुदान उपलब्ध गराईने छैन ।